## बैठक संख्या : ६५

आज मिति २०८३/०३/०८ गते काठेखोला गाउँपालिकाका अध्यक्ष श्री राजु थापा ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्न बमोजिमको उपस्थिति र देहाय बमोजिम निर्णय भयो ।

उपस्थिति :-

| हस्ताक्षर | क्रंसं. | नाम थर | पद |
|---|---|---|---|
| | १ | श्री राजु थापा | अध्यक्ष |
| | २ | श्री तेज बहादुर थापा | उपाध्यक्ष |
| | ३ | श्री खडक बहादुर थापा | वडा अध्यक्ष वडा नं. १ |
| | ४ | श्री विद्यापति शर्मा | वडा अध्यक्ष वडा नं. २ |
| | ५ | श्री कुल बहादुर वि.क. | वडा अध्यक्ष वडा नं. ३ |
| | ६ | श्री लक्ष्मण पुन | वडा अध्यक्ष वडा नं. ४ |
| | ७ | श्री ज्ञामनाथ कँडेल | वडा अध्यक्ष वडा नं. ५ |
| | ८ | श्री वृहस्पति शर्मा | वडा अध्यक्ष वडा नं. ६ |
| | ९ | श्री प्रेम बहादुर जि.सी. | वडा अध्यक्ष वडा नं. ७ |
| | १० | श्री प्रमानन्द कँडेल | वडा अध्यक्ष वडा नं. ८ |
| | ११ | श्री टिका संगम वि.क. | कार्यपालिका सदस्य |
| | १२ | श्री भूमा देवी पुन | कार्यपालिका सदस्य |
| | १३ | श्री सुन्तली वि.क. | कार्यपालिका सदस्य |
| | १४ | श्री पूर्णमाया सुनार | कार्यपालिका सदस्य |
| गीता | १५ | श्री गिता देवी वि.क. | कार्यपालिका सदस्य |
| | १६ | श्री देवी थापा मगर | कार्यपालिका सदस्य |
| | १७ | श्री मुक्ति पौडेल | सदस्य सचिव एबं प्रमुख प्रशासकीय अधिकृत |

अन्य उपस्थितिः-

| हस्ताक्षर | क्रंसं. | नाम थर | पद |
|---|---|---|---|
| | १. | डिल्ली प्रसाद शर्मा | ले.अ. |
| | २. | उत्तम पौडेल | योजना अधिकृत |
| | ३. | मनोज कार्की | अधिकृत |

वि.सं. : २०८३ असार ८ गते सोमबार

निर्णयहरु :-

**१. समिक्षा सम्बन्धमा ।**

काठेखोला गाउँपालिका, गाउँ कार्यपालिकाले यस भन्दा पहिला गरेका निर्णयहरुको समिक्षा गरियो । समिक्षा गर्दा निर्णय कार्यान्वयन भएको र अबस्था सन्तोषजनक रहेको पाईयो ।

**२. आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा ।**

काठेखोला गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम अध्यक्षज्यूबाट मिति २०८३/०३/१० गते गाउँसभाको १९ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**३. विधेयक पेश गर्ने सम्बन्धमा ।**

काठेखोला गाउँपालिकाको गाउँसभाको १९ औं अधिवेशनमा निम्न विधेयक पेश गर्ने निर्णय गरियो ।

क) आर्थिक विधेयक, २०८३

ख) विनियोजन विधेयक, २०८३

ग) काठेखोला गाउँपालिकाको पूर्वाधार विकास सम्बन्धी ब्यबस्था गर्न बनेको ऐन, २०७९ को पहिलो संशोधन विधेयक, २०८३

**४. आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम पेश गर्ने सम्बन्धमा ।**

आगामी आ.व. २०८३/०८४ को प्रस्तावित आय व्ययको अनुमानित बजेट तथा कार्यक्रम मिति २०८३/०३/१० गते बस्ने गाउँसभाको १९ औं अधिवेशनमा उपाध्यक्षज्यूबाट पेश गर्ने निर्णय गरियो ।

५. आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, सुशासन तथा संस्थागत क्षमता विकास समिति तथा वन, वातावरण तथा विपद् व्यवस्थापन समितिबाट गाउँ कार्यपालिकाको बैठकमा पेश भएका प्रतिवेदनहरूमाथि विस्तृत छलफल, समीक्षा तथा आवश्यक परामर्श गरियो । समितिहरूद्वारा प्रस्तुत सुझाव, निष्कर्ष तथा सिफारिसहरूलाई मनन गर्दै गाउँ कार्यपालिकाबाट देहायबमोजिम निर्णय गरियोः-

**क) आर्थिक विकास समिति**

१. आर्थिक विकास समितिबाट पेश भएको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

२. प्रतिवेदनमा उल्लेख भएका कृषि, पशुपालन, पर्यटन, उद्योग, व्यापार तथा उद्यमशीलता विकास सम्बन्धी कार्यक्रमहरूलाई प्रचलित कानुन, नीति तथा उपलब्ध स्रोत–साधनको अधीनमा रही प्रभावकारी रूपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

३. स्थानीय उत्पादन वृद्धि, बजारीकरण, रोजगारी सिर्जना तथा आयआर्जन अभिवृद्धि गर्ने कार्यक्रमहरूलाई उच्च प्राथमिकताका साथ सञ्चालन गर्ने निर्णय गरियो ।

४. आर्थिक विकाससँग सम्बन्धित योजना तथा कार्यक्रमहरूलाई आगामी नीति, कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रियामा आवश्यक प्राथमिकता प्रदान गर्ने निर्णय गरियो ।

५. समितिलाई आफ्नो कार्यक्षेत्र अन्तर्गत सञ्चालन भएका कार्यक्रमहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी आवश्यक सुझावसहित समय–समयमा गाउँ कार्यपालिकामा प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**ख) सामाजिक विकास समिति**

१. सामाजिक विकास समितिबाट पेश भएको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

२. प्रतिवेदनमा उल्लेख भएका शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, युवा तथा खेलकुद, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने निर्णय गरियो।

३. सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी, उत्तरदायी तथा नागरिकमैत्री बनाउन सम्बन्धित शाखा तथा वडा कार्यालयमार्फत आवश्यक सुधारात्मक कार्यहरू अगाडि बढाउने निर्णय गरियो।

४. सामाजिक विकाससँग सम्बन्धित योजना तथा कार्यक्रमहरूलाई आगामी नीति, कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रियामा प्राथमिकताका साथ समावेश गर्ने निर्णय गरियो।

५. समितिलाई आफ्नो कार्यक्षेत्र अन्तर्गत सञ्चालन भएका कार्यक्रमहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक सुझावसहित गाउँ कार्यपालिकामा प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय गरियो।

**ग) पूर्वाधार विकास समिति**

१. पूर्वाधार विकास समितिबाट पेश भएको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

२. प्रतिवेदनमा उल्लेख भएका सडक, पुल, भवन, खानेपानी, सिँचाइ, विद्युत तथा अन्य भौतिक पूर्वाधार सम्बन्धी योजनाहरूलाई गुणस्तरीय, दिगो तथा समयमै सम्पन्न गर्न आंवश्यक समन्वय तथा व्यवस्थापन गर्ने निर्णय गरियो।

३. विकास निर्माण कार्यहरूको गुणस्तर सुनिश्चित गर्न प्राविधिक अनुगमन, सुपरिवेक्षण तथा गुणस्तर परीक्षणलाई थप प्रभावकारी बनाउने निर्णय गरियो।

४. पूर्वाधार विकाससँग सम्बन्धित योजना तथा कार्यक्रमहरूलाई आगामी नीति, कार्यक्रम तथा बजेटमा प्राथमिकताका साथ समावेश गर्ने निर्णय गरियो।

५. समितिलाई आफ्नो कार्यक्षेत्र अन्तर्गत सञ्चालन भएका विकास निर्माण कार्यहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गरी आबश्यक सुझावसहित गाउँ कार्यपालिकामा प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय गरियो।

**घ) सुशासन तथा संस्थागत क्षमता विकास समिति**

१. सुशासन तथा संस्थागत क्षमता विकास समितिबाट पेश भएको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

२. प्रतिवेदनमा उल्लेख गरिएका सेवा प्रवाह सुधार, पारदर्शिता, उत्तरदायित्व, सूचना प्रविधिमैत्री सेवा, सुशासन प्रवर्द्धन तथा संस्थागत क्षमता विकास सम्बन्धी सुझावहरूलाई क्रमशः कार्यान्वयन गर्ने निर्णय गरियो।

३. प्रतिवेदनमा समावेश भएका सुझावहरू कार्यान्वयनका लागि सम्बन्धित शाखा तथा वडा कार्यालयलाई आवश्यक समन्वय, सहजीकरण तथा कार्यान्वयनको व्यवस्था मिलाउने निर्णय गरियो।

४. सुशासन तथा संस्थागत क्षमता विकाससँग सम्बन्धित कार्यक्रम तथा गतिविधिहरूलाई आगामी नीति, कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रियामा प्राथमिकताका साथ समावेश गर्ने निर्णय गरियो।

५. समितिलाई आफ्नो कार्यक्षेत्र अन्तर्गत सञ्चालन भएका गतिविधिहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी आवश्यक सुझावसहित गाउँ कार्यपालिकामा प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय गरियो।

**ङ) वन, वातावरण तथा विपद् व्यवस्थापन समिति**

१. वन, वातावरण तथा विपद् व्यवस्थापन समितिबाट पेश भएको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

२. प्रतिवेदनमा उल्लेख भएका वन संरक्षण, जैविक विविधता संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

३. सम्भावित बाढी, पहिरो, आगलागी, हावाहुरी तथा अन्य प्राकृतिक एवं गैरप्राकृतिक विपद्को जोखिम न्यूनीकरणका लागि पूर्वतयारी, जनचेतना, उद्धार तथा प्रतिकार्य योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

४. वातावरण संरक्षण, सरसफाइ, हरियाली प्रवर्द्धन तथा प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन सम्बन्धी कार्यक्रमहरूलाई समुदाय तथा सरोकारवाला निकायको सहभागितामा सञ्चालन गर्ने निर्णय गरियो ।

५. समितिलाई आफ्नो कार्यक्षेत्र अन्तर्गत सञ्चालन भएका कार्यक्रमहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी आवश्यक सुझावसहित गाउँ कार्यपालिकामा प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

६. जिल्ला समन्वय समिति बागलुङ बाट आ.व. २०८२/०८३ को अवधिमा काठेखोला गाउँपालिकामा सञ्चालित योजना तथा कार्यक्रमहरूको अनुगमन गरी पेश गरिएको प्रतिवेदन सम्बन्धमा गाउँ कार्यपालिका बैठकमा विस्तृत छलफल गरि उक्त प्रतिवेदनमा उल्लेखित सुझाव, निर्देशन तथा औंल्याइएका सुधार गर्नुपर्ने पक्षहरूलाई कार्यान्वयनमा लैजानु आवश्यक ठहर गर्दै निम्नानुसार निर्णय गरियो :-

क) योजना सञ्चालन, आर्थिक अनुशासन, वित्तीय व्यवस्थापन, अभिलेख व्यवस्थापन, सेवा प्रवाह तथा सुशासनसँग सम्बन्धित प्रतिवेदनमा औंल्याइएका कमजोरीहरू सुधार गर्न प्रमुख प्रशासकीय अधिकृतमार्फत सम्बन्धित शाखा प्रमुख तथा वडा कार्यालयहरूलाई आवश्यक निर्देशन दिई प्राथमिकताका साथ कार्यान्वयनको गर्ने ।

ख) प्रतिवेदनमा औंल्याइएका प्राविधिक, प्रशासनिक तथा व्यवस्थापकीय सुधारका विषयहरू सम्बन्धित शाखा प्रमुख तथा जिम्मेवार कर्मचारीहरूलाई निरदेशन दिई कार्यान्वयन गर्ने ।

ग) आगामी दिनमा गाउँपालिकाबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरू प्रचलित कानून, स्थानीय सरकार सञ्चालन ऐन, सार्वजनिक खरिद ऐन तथा नियमावली, वित्तीय अनुशासन, स्वीकृत मापदण्ड तथा प्रचलित निर्देशिकाको पूर्ण पालना गरी पारदर्शी, गुणस्तरीय र प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्ने ।

घ) गाउँपालिकाको आफ्नै प्रशासकीय भवनको अभावका कारण शाखा तथा उपशाखाबाट प्रदान गरिने सेवा एकीकृत, व्यवस्थित तथा प्रभावकारी रूपमा सञ्चालन गर्न कठिनाइ भएको अवस्थालाई दृष्टिगत गर्दै प्रशासकीय भवन निर्माणका लागि आवश्यक स्रोत व्यवस्थापन, सम्बन्धित निकायसँग समन्वय तथा आवश्यक पहल अगाडि बढाउने ।

ङ) वार्षिक अनुगमन प्रतिवेदनमा प्राप्त सुझाव, निर्देशन तथा पृष्ठपोषणलाई आगामी नीति, योजना, कार्यक्रम, बजेट कार्यान्वयन, सेवा प्रवाह सुधार तथा संस्थागत सुशासन अभिवृद्धिको आधारका रूपमा ग्रहण गरी प्रभावकारी कार्यान्वयनमा जोड दिने ।

७. काठेखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट कम्प्युटर र प्रिन्टर खरिद गर्नको लागि मिति २०८३/०१/०५ गते KRM/NCB/GOODS/082-83-01, Supply, Delivery and Installation of Computers and Printers बाट पहिलो पटक अनलाईन बिड्स अव्हान गरिएकोमा तोकिएको समयमा कुनैपनि आपुर्तिकर्ताबाट कम्प्युटर र प्रिन्टर आपुर्तिका लागि निवेदन पेश नभएकोले पुनः मिति २०८३/०२/२१ मा सूचना आव्हान गरिएकोमा दोस्रो पटक पनि तोकिएको समयमा कुनैपनि आपुर्तिकर्ताबाट निवेदन पेश हुन नआएकोले कार्यक्रम प्रस्तावनामा संशोधन गरी संशोधित प्रस्तावना बमोजिम सामाग्रीहरु सोझै खरिद गर्ने निर्णय गरियो ।

८. हाल सञ्चालन गरिरहेको सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सेवाहरु (आप्रवासी स्रोत केन्द्र/सूचना तथा परामर्श, वित्तीय साक्षरता, निशूल्क कानूनी सहायता, सीपमा सहजीकरण, समुदाय सचेतना) लाई एकीकृत गरी संस्थागत रुपमा सञ्चालन गर्न यस पालिकाको सामाजिक विकास शाखा/रोजगार सेवा केन्द्र मातहत बित्तीय साक्षरता सहजकर्ता र मनोसामाजिक परामर्श सेवालाई वैदेशिक रोजगारको अलावा घरेलु हिंसा, प्रकोप/विपद लगायतको समस्यामा समेत उपलब्ध हुने व्यवस्था गर्दै स्वास्थ्य शाखा मातहत सञ्चालन गर्ने निर्णय गरियो ।